# मानव तथा राष्ट्रिय विकास समाज, नेपाल

कमलामाई नगरपालिका वडा नं. ६, २ नम्बर बजार
सिन्धुली, नेपाल

## आ.ब.०८१/०८२ का लागि मौजुदा सूचिमा सुचीकृत/शिलबन्दी दररेट आबह्वान सुचना

**प्रथम पटक प्रकाशित मिति २०८१ साउन २ गते बुधबार**

मानव तथा राष्ट्रिय विकास समाज **(HANDS Nepal)** नेपाल, सिन्धुलीले विभिन्न दातृ निकायहरुसंगको साझेदारीमा जिल्लाका विभिन्न क्षेत्रहरुमा कृषी, पशु, स्वास्थ्य, समाबेशी शिक्षा, जिविकोपार्जन, महिला तथा बालबालिका, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी, सरसफाई तथा स्वच्छता एवं वातावरण संरक्षण लगायतका विषयगत क्षेत्रहरुमा विभिन्न परियोजनाहरु संचालन गर्दै आइरहेको छ । यसै सन्दर्भमा यस संस्थाको चालु आ.ब.०८१/०८२ मा हुने परियोजना कार्यान्वयन तथा कार्यालय संचालनको लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित बस्तु तथा सेवाहरु खरिद गर्न आवश्यक हुने भएकोले योग्यता पुगेका इजाजत प्राप्त व्यक्ति, आपूर्तिकर्ता फर्म, सप्लायर्स कम्पनी तथा संस्थाहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी दररेट पेश तथा मौजुदा सूचीमा सुचिकृतका लागि यो सुचना आव्हान् गरिएको छ ।

**क) आ.व. २०८१/८२ को लागि संस्थालाई आवश्यक पर्ने विभिन्न सेवा तथा सामाग्रीहरु आपुर्ती तथा मर्मत गनुपर्ने सामानहरु तथा उपलब्धता गराउनुपर्ने सेवाहरुः**

**अ) शिलबन्दी दररेट पेश गर्ने सेवा तथा आपुर्ती गर्न पर्ने सामाग्री**

१.कार्यालय संचालन तथा परियोजनाका कार्यक्रमहरु संचालनको लागि आबश्यक मसलन्द, स्टेशनरी सामाग्रीहरु,
२.फ्लेक्स प्रिन्ट सम्बन्धी कार्य,
३.तालिम, सेमिनार,गोष्ठी सञ्चालनका लागि होटल व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
४.सामाग्री ओसार पसार, ढुवानी तथा यातायात सेवा दिने सम्वन्धी कार्य,

**आ) मौजुदा सूचीमा सूचीकृत हुने सेवा तथा सामाग्री**

१.टोनर रिफिल, कम्प्युटर, इलोक्ट्रोनिक, रिचार्ज कार्ड सामाग्रीहरु र मर्मत तथा सप्लाई सम्बन्धी कार्य,
२.सूचना प्रकाशन, प्रसारण तथा डकुमेन्ट्री तयारी गर्ने,
३.मोटरसाईकल मर्मत कार्य,
४.विभिन्न किसिमको तालिम सहजीकरण (Facilitation) सेवा (तालिमको विज्ञता खुलाउनु पर्ने छ)
५.छपाई तथा प्रिन्टिङ सम्बन्धी कार्य,
६.उन्नत जातका घाँस, फलफुल तथा तरकारीका विउ र विरुवाहरु उपलब्ध गराउने कार्य,
७.उन्नत जातका पशु चौपाय र पंक्षीहरु उपलब्ध गराउने कार्य,
८.साना तथा ठुला चौपाय र पशुपन्छीको लागी विभिन्न रोगसंग सम्वन्धित औषधी तथा भ्याक्सिनहरु उपलब्ध गराउने कार्य,
९.विपद् सामाग्री आपुर्ति सम्बन्धी कार्य,
१०. स्वास्थ सामाग्री आपुर्ति सम्बन्धी कार्य,
११. खेलकुद तथा वाल बिकास सिकाइ सम्बन्धी सामाग्री आपुर्ति कार्य,
१२.हार्डवेयर, फर्निचर तथा फर्निसिङ्ग सप्लाई सम्बन्धी सामाग्रीहरु,
१३. कृषि औजारहरु (थोपा सिचाइका सामग्रीहरु, टनेल तथा मल्चिङ्ग एवं सो निमार्णका लागि सामाग्रीहरु आदी),आधुनिक कृषि औजारहरु/मेशिन (पानी तान्ने मेसिन,मोटर, थ्रेसर,मिनि टेलर,कुटानि पिसानि मेसिन आदी)
१४.दुध डेरी सम्वन्धित कार्य गर्नु पर्ने सामाग्रीहरु,
१५.सामुहिक तथा व्यक्तिगत दुर्घटना, स्वास्थ्य उपचार वीमा, अचल सम्पत्ति विमा सम्वन्धी कार्य
१६. सामाजिक परिक्षणको सहजीकरण सेवा,
१७. फोटो तथा भिडियो निर्माण सम्बन्धी कार्य,
१८. कपडा, झोला, जुत्ता, छाता सामाग्री आपुर्ति सम्बन्धी कार्य,
१९.खाद्य तथा मसलन्ध सबन्धी सामाग्री आपुर्ति कार्य,
२०. भाँडाकुडा सम्बन्धी सामाग्री आपुर्ति कार्य,
२१. अन्य बिभिन्न सामाग्री आपुर्ति सम्बन्धी कार्य (माथि उल्लेख भन्दा फरक कुनै समाग्री उपलब्ध गराउने सेवा भएमा उल्लेख गर्नु पर्ने छ)

**ख) शर्तहरुः**

१.माथि उल्लेखित **आ** अर्थात **"मौजुदा सूचीमा सूचीकृत हुने सेवा तथा सामाग्री"** अन्तर्गत बुदामा उल्लेखीत वस्तु तथा सेवा उपलब्ध गराउन इच्छुक सेवा प्रदायक तथा आपुर्तीकर्ताहरुले सूचीकृत हुनकालागि फाराम सहित इमेल मार्फत वा कार्यालयमा उपस्थित भएर सूची दर्ता गराउनु पर्नेछ । सूचीकृतका लागि फाराम कार्यलय वा इमेलमा माग गर्न सकिने छ साथै फाराम www.handsnepal.org बाट समेत डाउनलोड गर्न सकिने छ । भविष्यमा कुनै कारोवार गर्नु पर्दा उक्त मौजुदा सूचीमा सूचिकृत व्यक्ति, आपूर्तिकर्ता फर्म, सप्लायर्स कम्पनी तथा संस्थाहरु मध्येबाट नियम अनुसार दररेट लिई वा कोटेशन लिइ कारोबार गर्न सकिनेछ ।

र **"अ"** अर्थात **"शिलबन्दी दररेट पेश गर्ने सेवा तथा आपुर्ती गर्न पर्ने सामाग्री"** अर्न्तगत रहेका अन्य बुँदाहरुको हकमा इच्छुक सेवा प्रदायक वा आपुर्तीकर्ताहरुले संस्थाले तयार पारेको ढाँचा अनुसार शिलबन्दी दररेट पेश गर्नुपर्नेछ ।

२.शिलबन्दी दररेटको लागि सुची प्राप्त गर्न वा फर्म सप्लार्यस सुची दर्ता हुनको लागि मान्यता प्राप्त व्यक्ती, फर्म तथा सप्लार्यसहरुले प्रथम पटक प्रकाशित भएको मितीले १५ औं दिन (मिति २०८१ श्रावण १६ गते) दिनको ५:०० बजे सम्म फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कम्तीमा ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी र निबेदन सहित कार्यालयमा उपस्थीती भई वा संस्थाको आधिकारीक इमेल dudhaulihandsnepal@gmail.com मार्फत पनि माग गर्न सकिने छ ।

३.शिलबन्दी दररेट पेश गर्ने समय सुचना प्रकाशनको १६ औं दिन मिति २०८१ श्रावण १७ गते दिनको १२:०० बजे सम्म मात्र रहने छ । तर सूची दर्ता भने मिति २०८१ श्रावण १६ गते ५ बजे भित्र गरि सक्नु पर्ने छ ।

४.दररेट पेश गर्दा शिलबन्दी गरेको खाम भित्र संस्थाले उपलब्ध गराएको सामाग्री वा सेवाहरुको दररेट अंक र अक्षरमा केरमेट नगरी उल्लेख गरेको हुनुपर्ने छ, शिलबन्दी गरिएको उक्त कागजपत्रहरु तोकिएको समय भित्र फर्म तथा सप्लार्यसहरुको प्रत्यक्ष उपस्थीमा/कुरियर मार्फत Hard Copy कागजपत्रहरु हयान्ड्स नेपाल सिन्धुलीको फिल्ड कार्यालयमा पेश गर्नुपर्ने छ । साथै, केरिएको खण्डमा अक्षरलाई आधार मानिनेछ ।

५.प्राप्त शिलवन्दी फारमहरु मिति २०८१ श्रावण १७ गते आइतवारको दिन दिउँसो २:०० बजे फर्म वा सप्लार्यसको रोहबरमा ह्यान्ड्स नेपाल सिन्धुलीको शाखा कार्यलयमा खोलिने छ । तोकिएको समयमा प्रतिनिधिहरुको उपस्थिति नहुदा पनि शिलबन्दी दररेट खोल्न बाधा पुग्ने छैन ।

६.शिलवन्दी दररेट खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोली पल्ट दर्ता गर्न र खोल्न सकिने छ ।

७.सप्लायर्स छनौट गर्दा समाग्रीको मुल्य, समाग्रीको गुणस्तर, आपुर्तीकर्ताको दुरी, कार्य अनुभव, समाग्री उपलब्ध गराउन सक्ने क्षमता र संस्थाको नीति नियम पूर्ण पालना गर्न प्रतिबद्धता जस्ता आधार निर्धारण गरिनेछ । सेवा प्रदायक छनौटको क्रममा, स्थलगत अवलोकन गर्ने, चलनचल्तिको बजार भाउको अध्ययन समेत गर्न सकिने छ र बजारको दररेट भन्दा फरक परेमा दोहोरो संम्वाद गर्न सकिने छ ।

८.कुनै एक सप्लायर्सले एक भन्दा बढी विषयमा शिलबन्दी दररेट पेश गर्न चाहेमा छुट्टै निवेदन सहित दररेट पेश गर्नुपर्नेछ ।

९.शिलवन्दी स्वीकृत हुने तथा सूचिकृत सप्लायर्स वा सेवा प्रदायकहरुले भविष्यमा बालबालिकाहरुलाई काममा लगाउन वा कुनै पनि खालको दुव्यवहार गर्न पाउने छैन तथा होटल सेवा सम्बन्धी सप्लायर्सहरुको हकमा चमेना गृह, तालिम हल र वासस्थान एकै स्थानमा हुनुपर्नेछ र सुरक्षित पनि हुनुपर्नेछ ।

१०.म्याद नाघी आएका वा रित नपुर्‍याइ पेश भएका शिलबन्दी दररेट फारम माथी कुनै कारवाही गरिने छैन ।

११.खरिद गर्ने समाग्रीको सुची सहितको फारम ह्यान्ड्स नेपालको सिन्धुली कार्यालयबाट प्राप्त गर्न सकिन्छ ।

१२.संस्थाले खरिद गर्ने समाग्रीहरु सुचना प्रकाशित भएको मितिले १ वर्षका लागि आह्वान गरिएको छ । यसै शिलबन्दी सुचीमा उल्लेखित दररेटलाई आधारमानी सप्लायर्सले १ आर्थिक वर्षका लागि उक्त समाग्री सोही दररेटमा उपलब्ध गराउनु पर्ने छ भने थप सामाग्री तथा सेवाहरुको लागि सुचिकृत ब्यक्ति, फर्म तथा सप्लार्यसहरुबाट प्रक्रिया पुरा गरी आवश्यकता अनुसार आ.ब ०८१/०८२ भरी खरिद गरिने छ ।

१३.शिलबन्दी दररेट सुची लिष्टमा उल्लेखित समाग्री आवश्यकता अनुसार खरिद गर्ने तथा पेश भएका/सुचीकृत भएका फर्म वा सप्लार्यस मध्ये छनोट/खरिद गर्ने वा नगर्ने अधिकार संस्थामा निहित हुनेछ ।


**सम्पर्कका लागि :**

**मानव तथा राष्ट्रिय विकास समाज (HANDS), नेपाल**

**कमलामाई नगरपालिका-६, २ नं बजार, सिन्धुली**

**सम्पर्क : ०४७-५२०९६७ इमेल ठेगाना :** dudhaulihandsnepal@gmail.com

Website : www.handsnepal.org